# प्रेस काउन्सिल नेपाल

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशन मिति : २०८१/१२/०८**

लोक सेवा आयोगबाट प्राप्त सहमतिअनुसार यस काउन्सिलमा रिक्त रहेका देहाएका पदमा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फारामको निर्दिष्ट स्थानमा हालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरी दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरूको प्रतिलिपि एक-एकप्रति तयार गरी उम्मेदवार आफैंले प्रमाणित गरी काउन्सिलको कार्यालयमा बुझाउनु पर्नेछ । परीक्षा दस्तुर रकम ग्लोबल आइएमई बैंक सिनामङ्गल शाखामा रहेको प्रेस काउन्सिल नेपालको चल्ती खाता नं. ०८४०१०१०००००१६० मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | किसिम | पद सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | २/०८१/८२ | सहायकस्तर पाँचौं | पाँचौं | मधेसी | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम डी प्लस र जिपिए एक दशमलव छ प्राप्त । |
| २. | ३/०८१/८२ | सहायकस्तर चौथों | चौथों | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.मा कम्तीमा जि.पि.ए.दुई प्राप्त गरी उत्तीर्ण वा एस.एल.सी. वा सोसरह उत्तीर्ण । |

**परीक्षाको किसिम :** लिखित, सूचना प्रविधि सीप परीक्षण र अन्तर्वार्ता ।
**परीक्षा केन्द्र :** लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम प्राप्त भएपछि लोक सेवा आयोग, प्रेस काउन्सिल नेपाल र गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी पछि जानकारी गराइनेछ ।
**दरखास्त बुझाउने स्थान :** प्रेस काउन्सिल नेपालको कार्यालय, सञ्चारग्राम तिलगङ्गा, काठमाडौं ।
**संलग्न गर्नुपर्ने कागजातहरू :** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाणपत्रका प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
**दरखास्त दिने अन्तिम मिति :** २०८१/१२/२८ सम्म र दोब्बर दस्तुर तिरी २०८२/०१/०४ गतेसम्म ।
**उम्मेदवारको उमेरको हद :** १८ वर्ष उमेर पूरा भइ पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।
**पदमा रही गर्नुपर्ने काम :** काउन्सिलको व्यवस्थापनअन्तर्गत रही कार्य गर्नुपर्ने ।
**तलब तथा सेवा,सुविधा :** काउन्सिलको नियमानुसार ।
**परीक्षा दस्तुर :** सहायकस्तर पाँचौं रु.७००।- (सात सय) सहायकस्तर चौथौं रु. ५०० ।- (पाँच सय)
**सम्पर्क मिति :** लोक सेवा आयोगसँग समन्वय गरी पछि प्रकाशन गरिनेछ ।

**नोटः** ***सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-WO-०६६० समेतको उत्प्रेषणसम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेशबमोजिम कानुनी व्यवस्था भएपश्चात सोहीअनुसार पदपूर्ति गरिने छ ।***

### द्रष्टव्य

१. प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
३. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
४. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाण पेस गर्नुपर्नेछ ।
५. कारण खुलाइ वा नखुलाइ कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।
६. पाठ्यक्रम र दरखास्त फाराम काउन्सिलको वेबसाइट www.presscouncilnepal.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**पदपूर्ति समिति**